# राष्ट्रिय बाल अधिकार परिषद्का कार्यकारी निर्देशक मिलनराज धरेलको सार्वजनिक वक्तव्य

२०७७ श्रावण ५ गते नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार बालबालिका सम्बन्धी नियमावली २०५१ (दोस्रो संशोधन २०७६) को नियम ६ को उपनियम २ बमोजिम राष्ट्रिय बाल अधिकार परिषद्को कार्यकारी निर्देशक पदमा मेरो नियुक्ति भएको थियो । २०७७ श्रावण १६ गते तत्कालीन माननीय मन्त्री श्री पार्बत गुरुङको समुपस्थिति एवम् नागरिक संस्थाका प्रतिनिधिज्यूहरु समेतको उपस्थितिमा पदबहाली भइरहँदा म लगायत सोही मितिबाट नियुक्त हुनुभएका सदस्यहरु श्री बिमला ज्ञवाली, श्री इन्दिरा योञ्जन, श्री भिमलाल गुरुङ र श्री सुन्दर लामिछानेसहितको सामुहिक प्रतिबद्दताका क्रममा हामीले राष्ट्रिय बाल अधिकार परिषद्को पहिलो कार्यकारी निर्देशकको रुपमा मुख्यतया ६ वटा प्रतिबद्दताहरु व्यक्त गरेका थियौं :

१. प्रत्येक बालबालिकाले महसुस गर्न सक्ने र सहज पहुँच हुन सक्ने गरी बाल संरक्षण सेवा र बाल अधिकार प्रणालीको स्थापना र विस्तार गर्ने ।

२. ऐनले व्यवस्था गरेअनुसार सबै स्थानीय तहमा बाल अधिकार समिति, बाल कल्याण अधिकारी, बालकोषको स्थापनाका लागि कार्य गर्ने ।

३. राष्ट्रिय बाल अधिकार परिषद्लाई नेपाल सरकारको विशिष्टीकृत र उच्चस्तरीय बाल अधिकार निकायको रुपमा स्थापित र सबलीकरण गर्ने ।

४. बालबालिका सम्बन्धी ऐनको नियमावली, नीति, १० बर्षीय कार्ययोजनाको निर्माणका साथै ऐनमा भएका त्रुटीहरुको संशोधनका लागि पहलकदमी लिने ।

५. राष्टिय बाल अधिकार परिषद्लाई नागरिक समाज, निजी क्षेत्र, बालबालिका र सरकारी निकायको साझा संगमस्थलको रुपमा प्रवर्द्धन गर्ने ।

६. सडक बालबालिका मुक्त राष्ट्र घोषणा गर्ने ।

२०७९ असार २१ गतेको नेपाल सरकार मन्त्रिपरिषद्को बैठकको निर्णयअनुसार कार्यकारी निर्देशकको पदबाट पदमुक्त भइरहँदा यस अवधिमा राष्ट्रिय बाल अधिकार परिषद्बाट भएका कार्यसम्पादन, उपलब्धिहरुका बारेमा र यसमा भएको राजनीतिक हस्तक्षेपका बारेमा सार्वजनिक जानकारी गराउनु मेरो नैतिक दायित्व सम्झी यो सार्वजनिक वक्तव्य प्रेषित गरेको छु ।

**गत २०७७ श्रावण १६ देखि २०७९ असार २१ सम्म भएका प्रगतीहरु**

*(क) परिषद्को संस्थागत सुदृढीकरण*

१. परिषद्को सुशासन, सँगठन व्यवस्थापन तथा पारदर्शितालाई सबल बनाउनका लागि परिषद्मा स्पष्ट कार्यविभाजन, जिम्मेवारीसहितको शाखा विभाजन गरी कार्यसञ्चालन गर्ने अभ्यासको थालनी भएको छ। परिषद्को सँगठन संरचनालाई स्पष्ट बनाउने काम भएको छ भने परिषदको सँगठन व्यवस्थापन सर्वेक्षणका लागि मन्त्रालयलाई अनुरोध गरिएको छ।

२. परिषदसँग साझेदारी तथा सहकार्यमा परियोजना सञ्चालन गर्दा अपनाउनुपर्ने मापदण्ड, विधि तथा शर्तहरु उल्लेखित भएको परियोजना सञ्चालन निर्देशिक मस्यौदा भएको छ। यसै आधारमा परिषदले गर्ने परियोजना साझेदारीका विषयमा एकरुपता कायम हुन गएको छ भने परियोजनाहरु दातामुखी नभई परिषद्को नीति र विधिमुखी हुने प्रचलन स्थापित भएको छ।

३. परिषद् र परिषद् अन्तर्गत सञ्चालन भएका कार्यक्रम, प्रवाह गरिएका सेवाहरुका विषयमा दैनिक जानकारी दिन सामाजिक सञ्जालको प्रयोग परिचालन, मासिक प्रगति सार्वजनिक गर्न मासिक न्युजलेटर र बार्षिक कार्यसम्पादन प्रतिवेदन प्रकाशन गर्ने प्रचलन चलाइएको छ। परिषद्ले आज कहाँ के गर्‍यो भन्ने विषय र उक्त कार्यमा आफ्नो प्रतिक्रिया व्यक्त गर्ने अवसर सबै बालबालिका तथा सरोकारवालाहरुलाई उपलब्ध भएको छ।

*(ख) नीतिगत परामर्श तथा सहजीकरण*

४. परिषद्कै अगुवाइ र निरन्तर पहलको परिणामस्वरुप बालबालिका सम्बन्धी ऐनको नियमावली २०७८ ल्याउन सफल भइएको छ। त्यसैगरी बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०७९ अनुमोदनका लागि अघी बढाइएको छ। बालबालिका सम्बन्धी ऐनमा देखिएका तत्काल सम्बोधन गर्नुपर्ने त्रुटीहरुलाई केही नेपाल संशोधन ऐन मार्फत अघी बढाउन संशोधन प्रस्ताव अगाडी बढाइसकिएको छ। बाल संरक्षण व्यवस्थापन कार्यविधि, अनलाईन बाल सुरक्षा निर्देशिकाहरु अन्तिम मस्यौदा भइ अनुमोदनका क्रममा रहेका छन्।

५. परिषद्को पहलकदमीको परिणामस्वरुप नेपाल सरकारले संयुक्त राष्ट संघमा पेश गर्नुपर्ने बाल अधिकार सम्बन्धी आवधिक प्रतिवेदन (छैटौ र सातौ) यस पटक समयमै पेश गरी अन्तर्राष्ट्रिय तहमा देशको इज्जत राख्ने काम भएको छ।

६. बालबालिका सम्बन्धी १० वर्षीय कार्ययोजनाको मस्यौदा प्रक्रिया अघी बढाइएको छ।

७. स्थानीय तहमा बाल अधिकार संरक्षण तथा सम्वर्धन सम्बन्धी कार्यविधि सन्दर्भ कानूनको रुपमा तर्जुमा गरी स्थानीय तहलाई सहजीकरण गरिएको छ।

८. राष्ट्रिय बाल अधिकार परिषद्लाई नेपाल सरकारको विज्ञ तथा श्रोत संस्थाको रुपमा स्वीकार गर्ने, तदअनुरुपम परामर्श लिने तथा सहायता माग गर्ने अभ्यासहरु बढेका छन्। स्थानीय तह, प्रदेश सरकार तथा संघीय निकायहरुले नीति विधि तयार गर्दा परिषद्सँग सहकार्य गर्ने, प्राविधिक सहायता माग गर्ने अभ्यासहरु बढेको छ।

*(ग) स्थानीय तहमा बाल अधिकार प्रणाली स्थापना तथा सुदृढीकरण*

९. २०७७ श्रावण १६ मा पद बहाली भइरहँदा ऐनले व्यवस्था गरे अनुसार स्थानीय तहमा बन्नुपर्ने बाल अधिकार प्रणाली र संयन्त्रहरु शुन्यताको अवस्थामा रहेको थियो । संघीय प्रणालीमा बाल अधिकार कार्यान्वयन र प्रवर्द्धनको मुख्य जिम्मेवारी र शासन प्रणाली स्थानीय तहबाट नै हुनुपर्दछ भन्ने ऐनको उद्देश्यलाई परिपुर्ति गर्न हामीले घनीभुत ढंगले राष्ट्रिय अभियान सञ्चालन गर्‍यौं र ६४३ स्थानीय तहसँग बाल अधिकार संयन्त्रहरुको व्यवस्थापनका लागि प्रत्यक्ष अन्तर्क्रिया र अन्तरसंवाद गर्न सक्षम भयौं । परिणामस्वरुप आज ३०० भन्दा बढी स्थानीय तहहरुमा स्थानीय तहको बालबालिका सम्बन्धी कानून, बाल अधिकार समिति, बाल कल्याण अधिकारी, बाल कोषको स्थापना भएको छ । यसबाट सामान्य समस्या वा जोखिममा रहेका तथा विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिकाले स्थानीय तहबाट नै संरक्षण सहायता तथा सेवा प्राप्त गर्न सक्ने अवस्था सृजना भएको छ ।

*(घ) बाल संरक्षण प्रणाली स्थापना, विस्तार तथा सुदृढीकरण*

१०. बाल हेल्पलाइन सेवा (१०९८) लाई साविकमा १२ स्थानबाट सञ्चालनमा रहेकोमा यसको विस्तार गरी १८ स्थान र ७२ जिल्लाको पहुँचमा ल्याइएको छ । त्यसैगरी काठमाँडौंमा मात्र रहेको बालबालिका खोजतलास सेवा (१०४) लाई विस्तार गरी प्रदेश १ को विराटनगर, मधेश प्रदेशको जनकपुर र लुम्बिनी प्रदेशको बुटवलबाट समेत सेवा सञ्चालन शुरु गरिएको छ । साथै ७५ जिल्लामै बालबालिका खोजतलास नम्बर १०४ विगतदेखि नै जडान गरिएको भएता पनि विभिन्न कारणले सञ्चालनमा नरहेका ११ वटा जिल्ला प्रहरी कार्यालयमा पुनः १०४ नम्बर सुचारु गरी ७५ जिल्लामा १०४ सञ्चालन गरिएको छ ।

११. बाल हेल्पलाइन सञ्चालन गर्ने संस्थाहरुलाई दिइने अनुदानलाई तजबिजका आधारमा दिने प्रचलनलाई अन्त गर्दै सेवा प्रवाहको आधारमा अनुदानको व्यवस्था गरी हेल्पलाइनबाट प्रवाह हुने संरक्षण सेवालाई प्रभावकारी बनाइएको छ । हाल हेल्पलाइन सेवाबाट बार्षिक १४ हजार भन्दा बढी बालबालिकाले विभिन्न सेवा प्राप्त गर्ने स्थिति बनेको छ । जन्मदर्ता तथा अन्य विभिन्न समस्या भएका कानुनी झन्झटमा परेका बालबालिकालाई परिषद्बाट नियमित सेवा, परामर्श तथा सहजीकरण गर्ने कार्यहरु हुने गरेका छन् । बाल हेल्पलाइन सञ्चालन अनुमति प्राप्त गर्ने संस्थाहरुलाई पहिलोपटक सञ्चालन अनुमति प्रमाणपत्रको व्यवस्था गरिएको छ ।

१२. बालबालिका खोजतलास सेवाको सेवा प्रवाहलाई सुदृढीकरण गरी हराएका बालबालिकाको खोजी र उद्दारको सफलतालाई ८२ प्रतिशतभन्दा बढी पुर्‍याइएको छ । विगत १६ बर्षदेखि हराएका र फेला नपरेका भनी अभिलेखमा रहेका १२ हजार भन्दा बढी बालबालिकाको अवस्थालाई विशेष खोजी अभियान सञ्चालन गरी हाल ६ हजारभन्दा कमको संख्यामा ल्याइएको छ । वेवारिसे फेला परेका ४६७ जना बालबालिकाको संरक्षण व्यवस्थापन गरिएको छ । सडकमा जोखिमपूर्ण रुपमा वस्तु विनिमयमा संलग्न रहेका ७१ जना बालबालिकाको उद्धार गरी संरक्षण व्यवस्थापन गरिएको छ र यो कार्यलाई उचित स्रोत साधनको व्यवस्था सहित निरन्तरता दिनु जरुरी रहेको छ ।

१३. विशेष संरक्षणको आवश्यता भएका बालबालिकाको अस्थायी संरक्षण तथा पारिवारिक पुनर्स्थापना लगायतका कार्यलाई व्यवस्थित ढंगले सञ्चालन गर्ने व्यवस्थागरिएको छ । परिषद्मा सूचीकृत ४३ संस्थाहरुबाट ३ हजार ५ सय भन्दा बढी बालबालिकालाई संरक्षण सेवा प्रवाह गर्ने व्यवस्था मिलाइएको छ ।

१४. भारतमा उद्दार गरिएका, बाल गृहमा राखिएका र स्वदेशफिर्तीको पर्खाइमा रहेका तथा ओसारपसार र बेचबिखनबाट पीडित भएका बालबालिकाको उद्दार, संरक्षण तथा स्वदेशफिर्तीको व्यवस्थापन गर्ने कार्य आरम्भ गरिएको छ। यस अवधीमा ६३ जना बालबालिकालाई भारतबाट फिर्ता ल्याइ परिवारमा पुनर्मिलन गराइएको छ।

*(ङ) निसंस्थाकरण तथा पारिवारिक स्याहारको प्रवर्धन*

१५.अनधिकृत रुपमा बालगृह स्थापना र सञ्चालन गर्ने, बालबालिकालाई बालगृहमा अनधिकृत ढंगले राख्ने र कतिपय अवस्थामा बालबालिकाको ओसारपसार र बेचबिखन सरहको गतिविधि भइरहेको अवस्थाले नेपाललाई अन्तर्राष्ट्रिय तहमा बालगृह र धर्मसन्तानको विषयमा शिर लाञ्छित गर्ने अवस्था रहेको थियो। यस अवधिमा परिषद्ले बालगृह अनुगमन र कार्वाहीलाई चरणबद्द र व्यवस्थित ढंगले कार्यान्वयनमा ल्याएको छ। यस अवधीमा ३४६ बालगृहहरुको अनुगमन, ३८९ बालगृहहरुलाई बालगृह सञ्चालन सम्बन्धी कानूनी व्यवस्था र न्यूनतम मापदण्डको विषयमा अनुशिक्षण गरिएको छ। यस आर्थिक बर्षमा परिषद्बाट मात्रै १६४ बालगृहहरुको स्थलगत अनुगमन, अनुशिक्षण र सचेत गराइएपछि यस आर्थिक वर्षमा मात्र १२१ बागृहहरुले कानुनले वैकल्पिक हेरचाह गर्नुपर्ने भनी नतोकेका अभिभावक र परिवार भएका ८२८ बालबालिकालाइ (बालक ३८५ र बालिका ४४३) परिवारमा पुनर्मिलन गराएका छन्। यसका साथै ४१ बालगृहहरु यस अवधिमा बन्द गराइएको छ। केही बालगृहहरुमा भने परिषद्बाट कानुनी हस्तक्षेप गरी ११७ जना बालबालिकाको उद्दार तथा संरक्षण व्यवस्थापन गरिएको छ।

१६.नेपालको बाल संरक्षण अभ्यासलाई निसंस्थाकरण, परिवार र समुदायमा आधारित संरक्षण प्रणालीतर्फ निर्देशित गर्ने कार्य भएको छ।

*(च) सडक बालबालिकामुक्त राष्ट्र अभियान*

१७. सडक बालबालिकामुक्त राष्ट अभियानलाई परिषद्को अगुवाइमा सुव्यवस्थित ढंगले सञ्चालन गर्ने कार्य भएको छ। विगतदेखि नै शुरु गरिएको यस अभियान अन्तर्गत यस अवधिमा सडकबाट परिवार, सडकबाट सीप र सडकबाट खेलकुदजस्ता विशेष कार्यक्रमहरु शुरुवात गरिएको छ। जस अन्तर्गत ४ सय भन्दा बढी सडक बालबालिर्का परिवारमा पुनर्मिलन भएका छन्। ४० जना सडक बालबालिकाले रग्वी खेल प्रशिक्षण लिई केही समय अघि अन्य विद्यालयका बालबालिकाहरुसँग उत्कृष्ट प्रतिस्पर्धात्मक प्रदर्शन गरिसकेका छन्। ११७ जना सडक बालबालिकाहरुले सीप तालिम प्राप्त गरेका छन् र ५९ जना रोजगारीमा संलग्न भएका छन्। सडक बालबालिकालाई हेय र लाञ्छनाको दृष्टिकोणबाट हेर्ने प्रचलनलाई रुपान्तरण गर्दै सडक बालबालिकाबाट राष्ट्रियगौरवका ब्यक्तित्व विकास गर्ने लक्ष्यसहित कार्यक्रमहरु शुरुवात गरिएको छ।

*(छ) बाल अधिकार स्रोत केन्द्रको रुपमा परिषद्*

१८.राष्ट्रिय बाल अधिकार परिषद्लाई बाल अधिकार स्रोतकेन्द्रको रुपमा स्थापित गर्न बाल अधिकार सम्बन्धी ज्ञानको संकलन, व्यवस्थापन तथा हस्तानान्तरण कार्यको थालनी भएको छ। बाल अधिकारको क्षेत्रमा हुने अध्ययन अनुसन्धानको प्रमाणीकरण गर्नका लागि परिषद् अन्तर्गत बाल

अधिकार अध्ययन अनुसन्धान उपसमिति गठन भै क्रियाशील भएको छ भने अध्ययन अनुसन्धान तथा प्रशिक्षण शाखालाई यस कार्यका लागि क्रियाशील बनाइएको छ । हालसम्म ३० भन्दा बढी अध्ययन अनुसन्धानको प्रमाणीकरण गरिएको छ ।

१९.बालअधिकारका विविध क्षेत्रमा निर्माण र प्रयोग हुने सुचना सामाग्रीहरुको प्रमाणिकरण गर्ने अभ्यासलाई स्थापित गरिएको छ । यस कार्यको समग्र नेतृत्वका लागि परिषद् अन्तर्गत सूचना सामग्री प्रमाणीकरण उपसमिति गठन भै क्रियाशील रहेको छ । ५० भन्दा बढी सुचना सामाग्रीहरुको प्रमाणीकरण भएको छ ।

२०.परिषद् आफैले बाल अधिकारका महत्वपुर्ण सवालहरुमा वैज्ञानिक र राष्ट्रिय अध्ययनहरु गर्ने अभ्यासलाई अघी बढाएको छ । बाल विवाहका विषयमा राष्ट्रिय अध्ययन सम्पन्न भएको छ । बालबालिकाको जन्मदर्ताका समस्या र असल अभ्यासहरुका विषयमा राष्ट्रिय अध्ययनका लागि पुर्व तयारीका कामहरु सम्पन्न भइसकेका छन् ।

२१.परिषद्ले पहिलोपटक अनुसन्धानमुलक बाल अधिकार जर्नल प्रकाशन र वितरण कार्य गरेको छ । विगतमा बालबालिकाको स्थिति प्रतिवेदनलाई बाल अधिकार स्थिति प्रतिवेदनको स्वरुपमा प्रकाशन र वितरण गर्ने कार्य भएको छ ।

२२.परिषद्ले सुचना सामाग्रीहरुको प्रकाशन र गुणस्तरियतामा सुधार गरेको छ । परिषद्बाट प्रकाशित भएका सुचना सामग्रीहरु समय सान्दर्भिक र गुणस्तरीय एवं प्रभावकारी भएका कारण परिषद्मा आइ सुचना सामाग्रीको माग गर्ने र प्रचार प्रसार गर्ने कार्यहरुमा बढोत्तरी भएको छ ।

२३.परिषद्ले बालअधिकारका क्षेत्रमा भएका अध्ययन अनुसन्धानलाई सँग्रह गर्ने र अनुसन्धानमा आधारित प्रमाणमा आधारित निति कार्यक्रम तयार गर्न आवश्यक सुझाव दिने उद्देश्यले ज्ञान सम्मेलनको अवधारणा शुरु गरेको छ । यस बर्ष आर्थिक संकटका कारण उक्त कार्यक्रम आयोजना हुन सकेन ।

*(ज) सूचना तथा तथ्यांक व्यवस्थापन*

२४.बाल संरक्षण घट्ना ब्यबस्थापनका सुचनाहरुलाई एकिकृत रुपमा ब्यबस्थित ढंगले अभिलेखिकरण गर्न, घट्ना ब्यबस्थापनका कार्यहरुको नियमित अनुगमन गर्न तथा तथ्यांकमा आधारित घट्ना ब्यबस्थापन सम्बन्धि निति विधिहरु तयार गर्न सहयोग पुग्ने बाल संरक्षण घट्ना ब्यबस्थापन सुचना प्रणाली निर्माण गरि प्रयोगमा ल्याइसकिएको छ ।

२५.परिषद्ले नियमित रुपमा बालअधिकार अवस्थाको अनुगमन, तथ्यांकीय विश्लेषण गर्नका लागि बालअधिकार सुचना प्रणाली तयार गरी कार्यान्वयनको चरणमा पुर्‍याइसकेको छ । तत्कालै १५० स्थानीय तहमा बालअधिकार सुचना प्रणाली कार्यान्वयनका लागि कार्य अघि बढाउन कार्यक्रम तय गरिसकिएको छ ।

२६.बालअधिकारका क्षेत्रमा आधिकारिक प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्न तथा इच्छुक र जिम्मेवार सरोकारवालाहरुको नियमित क्षमता विकासका लागि आधुनिक सुचना प्रविधिमा आधारित बाल अधिकार इ एकेडेमी सञ्चालनमा ल्याउने गरी तयारी सम्पन्न भइसकेको छ । यसबाट नि शुल्क रुपमा प्रमाणित प्रशिक्षण तथा तालिमहरु अनलाइन माध्यमबाट लिन सकिने व्यवस्था गरिएको छ ।

*(झ) नागरिक संघ संगठनसँगको समन्वय तथा सहकार्य*

२७. राष्ट्रिय बाल अधिकार परिषद् नेपाल सरकारको एक विशेष चरित्रको निकाय हो । यसलाई नागरिक सँगठन, निजि क्षेत्र तथा सरकारका संयन्त्रहरुको साझा थलोको रुपमा परिकल्पना गरिएको छ । परिषद्मा नागरिक सँगठनहरुसँगको सहकार्य तथा समन्वयलाई व्यवस्थित ढंगले अघी बढाउन परिषद् सदस्यको संयोजकत्वमा नागरिक सँगठन समन्वय उपसमिति गठन गरी नागरिक सँगठन र परिषद्बिचको सहकार्यलाई मजबुत बनाउने अभ्यासको थालनी गरिएको छ ।

२८. परिषद् अन्तर्गत विज्ञ समुहको गठन गरिएको छ । यसमा १७ जना नागरिक अभियान, सँगठन, विकास साझेदार तथा विभिन्न विशिष्ट पदहरुमा रहेर कार्य गरिसक्नुभएका र अग्रज अभिययन्ताहरु समेत रहनुभएको छ। परिषदले विभिन्न समयमा विज्ञ समुहसँग विषयगत छलफल र परामर्श समेत गर्ने कार्य गरिरहेको छ ।

२९. त्यसैगरी बालबालिकाको सहभागिताको सन्दर्भमा प्रत्येक वर्ष बाल सभाको आयोजना गर्ने सोच अनुरुप गत आ.व.मा कन्सोर्टियमसँगको सहकार्यमा बाल परामर्श आयोजना गरिएको थियो । देशभरीबाट आएका बालबालिकालाई स्वयं प्रधानमन्त्रीले बालुवाटारमा आमन्त्रण गर्नुभएको थियो र उनीहरुको कुरा सुन्नुभएको थियो । यस अभ्यासलाई निरन्तरता दिन जरुरी छ ।

३०. बाल अधिकार र कानूनी व्यवस्थालाई अन्योन्याश्रित ढंगले अघि बढाउन, कानुन व्यवसायी र न्यायिक क्षेत्रमा बाल अधिकारको सोच र दृष्टिकोणलाई व्यवहारिक ढंगले अघि बढाउन पहिलो पटक नेपालमा बाल अधिकार मुट कोर्ट प्रतियोगिता सञ्चालन गरिएको छ । यसबाट युवा कानुन व्यवसायी र विद्यार्थीहरुमाफ बाल अधिकारका व्यवहारिक समस्याहरुमा अध्ययन, अनुसन्धान, बहस र छलफल गर्ने जागरुकता सृजना भएको छ ।

*(ञ) कोभिडमा बाल संरक्षण कार्य*

३१. हाम्रो टिमले परिषद्को जिम्मेवारी लिइरहँदा कोभिड संक्रमणको दोस्रो लहरको समय थियो । आम रुपमा मानिसहरु संक्रमणको जोखिम र त्रासमा रहेका थिए भने बालबालिकाहरु मनोसामाजिक समस्या, तनाव र त्रासका साथै विभिन्न संरक्षण जोखिममा रहेको अवस्था थियो । गरिब परिवारका बालबालिकाहरु, विभिन्न बालगृहमा आश्रित बालबालिकाहरु खाद्य संकट जस्तो समस्याबाट प्रभावित भएको अवस्था थियो । परिषद्ले नागरिक सञ्जाल र संस्थाहरुसँगको समन्वयमा देशभर १८७ जना स्वयंसेवकहरु तथा सातै प्रदेशका ४० जना स्वास्थ्य स्वयम्सेवक परिचालन गर्न सफल भयो, यसबाट ३६०० भन्दा बढी बालबालिकाले परिषद्बाट नै राहत प्राप्त गर्न सके भने थप १३ सय भन्दा बढी परिवारका बालबालिकालाई संघ संस्थाहरुसँग समन्वय गरी राहत, मनोसामाजिक सेवा तथा संरक्षण सेवा प्रदान गरियो । यसैगरी ६२२ वटा स्थानीय तहका ८९६ बालबालिका शाखा, शिक्षा शाखा तथा स्वास्थ्य शाखा प्रमुख तथा विद्यालय नर्सहरुलाई कोभिडको समयमा बालबालिकाको शिक्षा, स्वास्थ्य तथा संरक्षणको सुनिश्चितताका विषयमा अनुशिक्षण तथा प्राविधिक सहजीकरण गरिएको थियो ।

३२. परिषद्ले ५१७ वटा स्थानीय तहसँग समन्वय गरी बालमैत्री आइसोलेसनको व्यवस्थापन, कोभिड-१९ हेल्पडेस्कको स्थापना, समुदायमा आधारित वैकल्पिक शिक्षाको व्यवस्था, नियमित स्वास्थ्य सेवाको सुनिश्चितता, समन्वय तथा सहकार्य र बालबालिका लक्षित तत्काल राहत तथा संरक्षण सहयोग प्रदान गर्नका लागि आवश्यक समन्वय गरिएको थियो । नेपाल बाल संगठनमा आश्रित, सडकमा आश्रित तथा अन्य बालगृहमा आश्रित बालबालिकालाई कोभिड-१९ को संक्रमण देखा परेका बालबालिकालाई सुरक्षित र बालमैत्री ढंगबाट राख्नको लागि परिषद्ले नेपाल बाल सङ्गठनको हातामा

१० शैया भएको बालमैत्री क्वारन्टीन स्थल सञ्चालन गरिएको थियो । बालबालिकाको खाने, बस्ने, सुत्ने व्यवस्था सहित उनिहरूलाई पढ्ने र सृजनात्मक क्रियाकलाप गर्ने सामग्रीको व्यवस्था समेत गरिएको थियो ।

३२ विश्वका विकसित राष्ट्रहरुले पनि ध्यान नदिएको कोभिड अनाथको जोखिमका विषयमा परिषद्ले तत्कालै ध्यानाकर्षण गरेको थियो र कोभिड अनाथहरुको तथ्यांक संकलन गर्ने कार्य अघी बढाइ कोभिडका कारण बाबुआमा गुमाएका तथा वैकल्पिक हेरचाहको व्यवस्था गर्नुपर्ने १३९ जना बालबालिकाको तथ्यांक संकलन गरिएको थियो ।

## राष्ट्रिय बालअधिकार परिषद्को वर्तमान अवस्था

बाल अधिकार संरक्षण, संवर्द्धन कार्यका लागि विशिष्टीकृत निकायका रुपमा तत्कालीन बालबालिकाको हित गर्न बनेको ऐन २०४८ र यसको नियमावली २०५१ मा व्यवस्था गरिएको केन्द्रीय बाल कल्याण समितिलाई स्थापना र सञ्चालन गर्न नागरिक संस्था र विकास साझेदारहरुको पहलकदमी रहेको थियो । लामो समयसम्म विकास साझेदारहरुबाट नै यसका कर्मचारी तथा कार्यक्रमका लागि आवश्यक बजेटहरु उपलब्ध गराउने अभ्यास विद्यमान रह्यो ।

संघीय राज्य व्यवस्था लागु भए पछि नेपालको संविधान २०७२ को मर्म अनुरुप बालबालिका सम्बन्धी ऐन २०७५ जारी भयो । तत्कालिन माननीय मन्त्री श्री थममाया थापाले लिनुभएको पहलका लागि धन्यवाद दिन जरुरी छ । यस ऐनले संघीय संरचना अनुरुप सहअस्तित्व, समन्वय र सहकार्यका मर्ममा सञ्चालन हुने गरी तीनै तहमा बाल अधिकार संरचनाको व्यवस्था गरेको छ । यस अनुसार संघमा महिला बालबालिका हेर्ने मन्त्रालयका माननीय मन्त्रीको अध्यक्षतामा राष्ट्रिय बाल अधिकार परिषद्को परिकल्पना गरिएको छ ।

२०७५ मा बनेको ऐनका व्यवस्थाहरु तथा संघीय तहमा राष्ट्रिय बाल अधिकार परिषद्को गठन र सञ्चालनका लागि तत्काल विद्यमान रहेको बालबालिका सम्बन्धी नियमावली २०५१ को दोस्रो संशोधन (२०७६) लागु गरियो । यस नियमावली अनुसार परिषद्मा नागरिक संस्थाहरुको तर्फबाट २ महिला सहित ४ जना सदस्य र बाल अधिकार, बाल संरक्षण तथा बाल न्यायका क्षेत्रमा क्रियाशिल भएको १० बर्षको अनुभव भएको विज्ञ व्यक्तिलाई कार्यकारी निर्देशकको रुपमा नियुक्त गर्ने व्यवस्था रहेको छ । सोही नियमावलीको नियम ३ को उपनियम १ को (त) र नियम ६ को उपनियम ४ मा कार्यकारी निर्देशकलाई परिषद्को सदस्य सचिवको रुपमा कार्य गर्ने स्पष्ट व्यवस्था गरिएको छ । यसरी नियुक्त भएका कार्यकारी निर्देशकको पदावधि ५ बर्ष रहने व्यवस्था उक्त नियमावलीको नियम ६ को उपनियम ३ मा उल्लेख गरिएको छ ।

यसै नियमका आधारमा २०७७ श्रावण ४ गते नेपाल सरकार मन्त्री परिषद्को बैठकबाट निर्णय भइ कार्यकारी निर्देशकको पदमा मिलनराज धरेल र सदस्यहरुमा बिमला ज्ञवाली, इन्दीरा योञ्जन, सुन्दर लामिछाने र भिमलाल गुरुङ्ग नियुक्त हुनुभएको थियो । यस समुहले २०७७ श्रावण १६ गते देखि पदभार ग्रहण गरी कार्य थालनी गरेको थियो । यस अवधीमा भएका उपलब्धीहरु र कार्यसम्पादनका विषय माथी नै चर्चा भइसकेको छ ।

नयाँ ऐनमा तोकिएका व्यवस्थाहरुको व्याख्या र विस्तृतीकरण गर्न नयाँ नियमावलीको आवश्यक्ता थियो । यसका लागि परिषद्को टिमले निकै पहलकदमी गरेको थियो । परिषद्को संरचनामा सावीककै व्यवस्था निरन्तर गर्न प्रस्ताव पनि गरिएको थियो । तर वर्तमान सरकारले २०७८ चैत अन्तिम साताको मन्त्रिपरिषद्को निर्णयबाट पारित गरेको र २०७९ जेठ ५ गते राजपत्रमा प्रकाशित गरेको नियमावलीमा राष्ट्रिय बाल अधिकार परिषद्को संरचनामा अनावश्यक हेरफेर गर्ने कार्य गर्‍यो । जस अनुसार सेवा सुविधा तोक्ने व्यवस्था सहित उपाध्यक्षको व्यवस्था गरियो, सदस्यहरुको संख्या बढाएर ७ सदस्यीय बनाइयो र कार्यकारी निर्देशक पदलाई हटाएर सदस्य सचिव पद नामाकरण गरियो । यसरी परिषद्को संरचनामा अनावश्यक फेर बदल गर्नु केवल राजनीतिक गठबन्धनको भागबन्डाका लागि भाग पुर्‍याउने र पदहरुमा आफ्ना मानिसहरुको नियुक्ती गरी राज्यको श्रोतमाथि अनावश्यक व्ययभार बढाउनुमात्र रहेको छ । साबिकको कार्यकारी निर्देशकको पदलाई काम कर्तव्य अधिकार, योग्यता सेवा सुविधा उही राखी पदनाम मात्र बदली सदस्य सचिव लेख्नुको उद्देश्य यस परिषदको संरचनामा राजनितिक हस्तक्षेप गर्ने मनसाय रहेको स्पष्ट देखिन्छ ।

वर्तमान सरकार गठन भए यता बाल अधिकार परिषद्माथि निरन्तर आक्रमणहरु भए । विगतको सरकारले ८ करोड १३ लाख बजेट विनियोजन गरेकोमा यस सरकारले प्रतिस्थापन विधेयकमार्फत बजेट कटौती गरी ७ करोड ४७ लाख कायम गरिदियो । सडक बालबालिका उद्दार, पिडित बालबालिकाको संरक्षण गर्नुपर्ने र राष्ट्रियरुपमा बाल संरक्षण तथा बाल अधिकार प्रणाली सञ्चालन गर्नुपर्ने निकायमा गरिएको बजेट कटौतिले सडक बालबालिका र बाल संरक्षण सेवाहरु प्रत्यक्ष रुपमा प्रभावित हुन पुगे ।

यस सम्बन्धमा ध्यानाकर्षण गर्दै परिषद्ले २०७८ कार्त्तिक २८ गते नै बजेट अभाव भएको र सडक बालबालिका तथा हिंसा पीडित बालबालिकाको संरक्षणका लागि आवश्यक थप २ करोड रकम माग गरी पत्राचार गरेको थियो । यस पश्चात पुनः २०७९ जेठ १० गते थप वजेट माग गरी पत्राचार गरिएकोमा सो को व्यवस्था हुन नसक्दा हाल संरक्षमा रहेका ३६० जना सडक बालबालिकाको अस्थायी संरक्षण सेवा वापतको खर्च भुक्तानी गर्न सकिएको छैन र सो का कारण २०७२ सालदेखि शुरुवात गरिएको सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन कार्यक्रम नै धरासायी हुने र पुनः बालबालिका सडकमा नै फर्कने जोखिम बढाउन वर्तमान सरकार लागि परेको देखन्छि ।

यसै अवधिमा विगतको सरकारले कोभिडका कारण अनाथ भएका बालबालिकाको संरक्षण राज्यले गर्ने घोषणाअनुरुप तथ्यांक तथा निवेदन प्राप्त भएका १३९ जना बालबालिकाको संरक्षणका लागि आवश्यक बजेट ३ करोड पनि माग गरिएको थियो ।

तर यी निवेदन तथा माग उपर कुनै सुनवाइ भएन, परिषद्ले आफ्ना कार्यक्रम खर्चहरु कटौती गर्दै, बालबालिका खोजतलास सेवा मा २४ घण्टा खटिएबापत कर्मचारीले प्राप्त गर्ने खाजा भत्तासमेत कटौती गरी सडक बालबालिका र हिंसा पिडित बालबालिकाको लागि नियमित बजेटभित्रैबाट रकमान्तर गरी केही हदसम्म अपुग रकमको व्यवस्था गर्‍यो । यद्यपी करिब १ करोड दायित्व अझै पनि तिर्न बाँकी रहेको छ । यस सन्दर्भमा बर्तमान सरकार र मन्त्रालयले कुनै पनि चासो राखेको छैन ।

सामान्यतया बार्षिक रुपमा २ पटक बैठक बस्नुपर्ने परिषद्को यस आर्थिक बर्षमा एक पटक पनि बैठक बस्न सकेन । आर्थिक बर्षको शुरुवातकै तिन महिनासम्म पनि मन्त्री नियुक्त नभएका कारण बैठक बस्न सकेन भने मन्त्री नियुक्त भइसकेपछि पनि परिषद्प्रति गरिएको राजनीतिक विभेदका कारण पटक पटक अनुरोध गर्दा पनि परिषद् बैठक राख्न अनुमति प्राप्त भएन ।

परिषद्का कार्यक्रमहरु सञ्चालन गर्दा अध्यक्षसँग परामर्श गर्नुभन्ने निर्देशन दिएको सरकारबाट पटक पटक परिषद्का कार्यक्रमहरु सञ्चालनका लागि मार्गदर्शन माग गर्दा पनि कुनै सुझाव र अनुमति नदिइ परिषद्का कार्यक्रमहरु हुनबाट रोक्ने प्रयत्नहरु भए ।

यस आर्थिक बर्ष परिषद्का लागि अत्यन्तै संघर्षपुर्ण र कठिन रहन गयो । यद्यपि नागरिक समाज, कर्मचारीहरु र स्थानीय तहहरुको सहयोगका कारण हामीले धेरै कार्यहरु सम्पन्न गर्न सक्यौं ।

आगामी आर्थिक वर्षको सन्दर्भमा पनि समग्रतामा महिला बालबालिका ज्येष्ठ नागरिक मन्त्रालयको बजेट गत आ.व.को ८९ करोडबाट बढेर १ अर्ब ४४ करोड पुग्यो । तर परिषद्प्रति वर्तमान सरकारको विभेदपुर्ण दृष्टिकोण र अभ्यासका कारण ६ करोड ४७ लाखबाट पनि कटौती गरी ५ करोड ९१ लाखमा सिमित गरिदिएको छ, जबकि चालू आ.व.मा नै अन्य अधिकांस कार्यक्रम रकमान्तर गर्दा समेत १ करोड वजेट अपुग देखएिको छ । यसले सडक बालबालिका, जोखिममा रहेका, विशेष संरक्षणको आवश्यक्ता भएका तथा हिंसा पिडित बालबालिकाको उद्दार संरक्षण तथा व्यवस्थापन प्रत्यक्ष प्रभावित हुने देखिन्छ ।

२०७९ जेठ ५ मा राजपत्रमा नियमावली प्रकाशित भइसकेपछि परिषद्को कार्यसञ्चालनका लागि मन्त्रालयबाट आवश्यक निर्णयसहितको निर्देशन प्राप्त हुनुपर्नेमा त्यस्तो कुनै जानकारी दिइएन । २०७९ असार २१ मा मात्र आएर नियमावली अनुसार पद नरहेको भनी कार्यकारी निर्देशकलाई पदमुक्त गर्ने निर्णय वर्तमान सरकारले गर्‍यो । आफैले निर्णय गरेर प्रकाशित गरेको नियमावलीअनुरुपको व्यवस्था कार्यान्वयन झण्डै ४५ दिनसम्म अन्यौलतामा राख्ने र कार्यान्वयनको सही निर्णय नगर्नुबाट सरकार परिषद्का क्षेत्रमा अवाञ्छित राजनीतिक हस्तक्षेपको नियत राखेको स्पष्ट हुन्छ ।

बालबालिका शान्ति क्षेत्रको मान्यताले केवल बालबालिकालाई प्रत्यक्ष रुपमा राजनितिक प्रयोग र परिचालनको कुरा मात्र गर्दैन, बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने निकाय र संस्था पनि राजनितिक दृष्टिले स्वतन्त्र र अवाञ्छित राजनितिक हस्तक्षेपबाट मुक्त राख्नुपर्ने मान्यता राख्दछ । साबिकमा रहेको केन्द्रीय बाल कल्याण समितिमा भएका नियुक्तीहरुमा यसै मान्यतामा आधारित भएर, सरकार सञ्चालन गर्ने दल परिवर्तन हुँदा पनि यस निकायलाई राजनितिक हस्तक्षेपबाट मुक्त राखिएको थियो, संस्थागत स्थिरता र कार्यकारी नेतृत्वको निरन्तरतालाई प्रश्रय दिइएको थियो । तर वर्तमान सरकारले बालबालिका जस्तो संवेदनशील क्षेत्रको जिम्मेवारी लिएको निकायलाई राजनितिक विभेद गर्ने, आर्थिक रुपले संकटमा धकेल्ने र कार्यकारी नेतृत्वमा राजनितिक हस्तक्षेप गर्ने कार्य गरेर बालबालिकालाई राजनीतिक हस्तक्षेपको शिकार बनाएको छ । यसले बालबालिकाको संवेदनशील निकाय र संस्थाहरु राजनीतिकरण हुँदै जाने गलत संस्कृतिको विकास हुने जोखिम बढेको छ ।

यस सन्दर्भमा म आफुले नियमावली विपरित कार्य गरेको भनी कानुनी उपचारमा जान सक्ने पर्याप्त सम्भावना र अवसर रहेको छ । तर यस सरकारको मुर्खतापुर्ण कार्यलाई आधार मान्दै बालबालिकाको पवित्र संस्थालाई कानुनी विवादमा ल्याउने, कार्य सम्पादनमा हस्तक्षेप अन्यौलता ल्याउने कार्य एक सचेत, जिम्मेवार नागरिक र संवेदनशील अधिकारकर्मीबाट हुन हुँदैन भन्ने मान्यताका साथ कानुनी उपायको अवलम्बन नगरेको मात्र हो । यद्यपि परिषद्मा आगामी दिनमा हुने कार्यसम्पादन र हरकतहरुलाई नजिकबाट नियालीरहनेछु र कुनै पनि गलत कदम र कार्यको खबरदारी गर्न भने निरन्तर लागिरहनेछु ।

**धन्यवाद ज्ञापन**

यस २३ महिनाको कार्यकालमा राष्ट्रिय बाल अधिकार परिषद्को नीति योजना र कार्यक्रमको कार्यान्वयनमा सहयोग गर्नुहुने, साझेदारी गर्नुहुने सम्पुर्ण नागरिक समाज, सञ्जालहरु, बाल सञ्जाल, अन्तरधार्मिक सञ्जाल, किशोरी सञ्जाल, बाल अधिकार स्वयंसेवक, स्वास्थ्यकर्मी सञ्जाल, बाल अधिकार संवाहक तथा विकास साझेदारहरु युनिसेफ, सेभ द चिल्ड्रेन, प्लान इन्टरनेशनल, वर्ल्ड भिजन इन्टरनेशनल, एक्प्याट लग्जेम्बर्गप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यस अवधिमा परिषद्बाट भए गरेका कामहरुलाई प्रचार प्रसार गरिदिने, सार्वजनिक सरोकारका विषयहरुलाई परिषदसमक्ष ल्याउन सहयोग गर्नुहुने सम्पुर्ण सञ्चारकर्मी साथीहरु र सञ्चारमाध्यमप्रति हार्दिक धन्यवाद र आभार प्रकट गर्दछु ।

यस अवधिमा बाल अधिकार संरक्षण र संवर्द्धनका लागि बाल अधिकार प्रणालीको प्रवर्द्धन गर्ने कार्यमा सहयोग समन्वय गर्नुहुने प्रदेश सरकारहरु, जिल्ला समन्वय समितिहरु, स्थानीय सरकारहरु र त्यहाँको राजनितिक नेतृत्व तथा प्रशासनिक नेतृत्वप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

परिषद्को कार्यकारी नेतृत्व लिइ आफ्नो अनुभव र ज्ञानलाई राष्ट्र सेवामा लगाउन सुअवसर प्रदान गर्नुभएकोमा तत्कालिन सरकारका सम्माननीय प्रधानमन्त्री आदरणीय श्री के पी शर्मा ओली, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री माननीय श्री पार्बत गुरुङज्यूप्रति हार्दिक आभार ज्ञापन गर्दछु । बालबालिकाको विषयमा संवेदनशील भइ कुनै पनि घट्ना समस्या देखेमा तत्काल परिषद्को ध्यानाकर्षण गर्नुहुने र परिषदलाई मार्गदर्शन प्रदान गर्नुहुने तत्कालिन प्रधानमन्त्री के पी शर्मा ओलीका धर्मपत्नी एवं दयावान समाजसेवी आदरणीय राधिका शाक्यज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

यस अवधीमा परिषद्को कार्यसम्पादनलाई प्रोत्साहन र सहजीकरण गर्नुहुने तत्कालिन मन्त्रीहरु माननीय लिलानाथ श्रेष्ठ, माननीय जुली महतो, माननीय चन्दा चौधरी तथा राज्यमन्त्री माननीय रेणुका गुरुङ्गज्यू ज्यूप्रति हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

मन्त्रालयका तर्फबाट हरदम साथ, सहयोग र समर्थन तथा आवश्यक सुझाव प्रदान गर्नुहुने तत्कालिन सचिव श्री यामकुमारी खतिवडा, सहसचिवहरु श्री बुद्द गुरुङ्ग, श्री उमेश ढुंगाना, श्री रोशनी श्रेष्ठ, मन्त्रालयका बालबालिका शाखा प्रमुखहरु श्री कृष्ण भुसाल तथा शान्तीराज प्रसाइ तथा मन्त्रालय सम्पुर्ण कर्मचारी साथीहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यसका साथै नेपाल प्रहरीबाट खोजतलास सेवाको विस्तार गर्दा आवश्यक प्रहरी खटाइ सहयोग गर्नुहुने नेपाल प्रहरीका तत्कालिन नेतृत्व प्रहरी महानिरिक्षक श्री शैलेस थापाज्यू तथा एआइजपी श्री विश्वराज पोखरेलज्यूप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

यस अवधिमा मन्त्रालयका तर्फबाट आवश्यक समन्वय गर्नुहुने मन्त्रालयका सचिव, सह सचिव तथा वर्तमान कर्मचारी मित्रहरुप्रति हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

यस कार्यकालमा मलाई सँधै प्रोत्साहन गर्ने, साथ सहयोग प्रदान गर्ने र ओहोरात्र खट्ने परिषद्का सम्पुर्ण कर्मचारी साथीहरु, परिषद्को कामलाई सहयोग गर्नुहुने परिषद् सदस्यज्यूहरु, उपसमितिका सदस्यज्यूहरु, विज्ञ समुहका सदस्यज्यूहरु तथा बालबालिका खोजतलास सेवा १०४ मा खटिनुभएका नेपाल प्रहरीका सुरक्षाकर्मी मित्रहरुप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**धन्यवाद ।**